नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं चैत २५ गते, २०७१ साल (अतिरिक्ताङ्क ३४

भाग ५

न्याय परिषद्को सूचना

काठमाडौं जिल्ला अदालतका अतिरिक्त जिल्ला न्यायाधीश श्री खिलनाथ रेग्मीले वादी मैना चुली निर्माण सेवा प्रा.लि. प्रतिवादी भिवोर विकास बैंक भएको करारको यथावत परिपालना मुद्दा, वादी कुमार वहादुर राजभण्डारी र प्रतिवादी धन कुमारी के.सी. समेत भएको अंशवण्डा गरी पाउँ भन्ने मुद्दा र वादी सन्तबहादुर मानन्धर समेत प्रतिवादी इन्दिरा के.सी. (शाह) समेत भएको जग्गा किचोला मुद्दामा गरेको फैसला उपर न्याय परिषद्मा परेका उजुरीहरुको सम्बन्धमा न्यायपरिषद् ऐन, २०४७ को दफा ४ क बमोजिम निजमा कार्य क्षमताको अभाव छ छैन ? खराव आचरण गरेको छ छैन ? तथा आफ्नो पदीय कर्तव्यको इमान्दारी पूर्वक पालन नगरेको छ छैन ? सो सम्बन्धमा दफा ७ बमोजिम सम्बन्धित न्यायाधीश लगायत अन्य व्यक्तिहरुलाई बुझ्ने, बयान गराउने, आरोपका सम्बन्धमा तहकिकात, अनुसन्धान तथा जाँचबुझ गरी कार्य प्रारम्भ भएको मितिले एक महिनाभित्र राय सहितको प्रतिवेदन न्यायपरिषद् समक्ष पेश गर्न नेपालको अन्तरिम संविधान, २०६३ धारा १०९ को उपधारा (१०)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको छ मात्र लागु हुनेछ।

तथा न्याय परिषद् ऐन, २०४७ को दफा ६ बमोजिम सर्वोच्च अदातलका माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन गर्ने भनि न्याय परिषद्बाट मिति २०७१।१२।२३ मा निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
कृष्ण गिरी
निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

1193

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।